# नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको प्रबन्ध निर्देशकको नियुक्ति र सेवा सुविधा सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०८१

नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको प्रबन्ध निर्देशकको नियुक्ति र सेवा सुविधा सम्बन्धी निर्देशिका, २०७८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको निर्देशिका बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम "नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको प्रबन्ध निर्देशकको नियुक्ति र सेवा सुविधा सम्बन्धी (पहिलो संशोधन) निर्देशिका, २०८१" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. **नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको प्रबन्ध निर्देशकको नियुक्ति र सेवा सुविधा सम्बन्धी निर्देशिका, २०७८ को दफा ५ मा संशोधन** : नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको प्रबन्ध निर्देशकको नियुक्ति र सेवा सुविधा सम्बन्धी निर्देशिका, २०७८ (यसपछि "मूल निर्देशिका" भनिएको) को दफा ५ मा रहेका "कम्प्युटर इन्जिनियरिङ" भन्ने शब्दहरूपछि ", सिभिल इन्जिनियरिङ वा मेकानिकल इन्जिनियरिङ" भन्ने शब्दहरू थपिएका छन्।

३. **मूल निर्देशिकाको दफा ६ मा संशोधन** : मूल निर्देशिकाको दफा ६ मा रहेका "निकायका व्यवस्थापकीय पदमा कम्तीमा ३ वर्ष सहित १२ वर्षको कार्य अनुभव भएको हुनुपर्नेछ" भन्ने शब्दहरुको सट्टा "निकायमा १२ वर्षको कार्य अनुभव र व्यवस्थापकीय पदमा काम गरेको हुनु पर्नेछ" भन्ने शब्दहरु राखिएका छन्।

४. **मूल निर्देशिकाको दफा ७ मा संशोधन**: मूल निर्देशिकाको दफा ७ मा रहेका "५६ वर्ष" भन्ने शब्दहरूको सट्टा "५८ वर्ष" भन्ने शब्दहरू राखिएका छन्।

५. **मूल निर्देशिकामा दफा ८क. थप**: मूल निर्देशिकाको दफा ८ पछि देहायको दफा ८क. थपिएको छः-

"८क. **पद रिक्त हुने अवस्थाः** देहायको अवस्थामा प्रबन्ध निर्देशकको पद रिक्त हुनेछः-

(क) निजले नेपाल सरकार समक्ष लिखित राजीनामा दिएमा,

(ख) निज दफा ८ बमोजिम अयोग्य भएमा,

(ग) निजको दफा ४ को उपदफा (१) बमोजिमको पदावधि पूरा भएमा,

(घ) निजलाई दफा १४ को खण्ड (क) बमोजिम पदबाट हटाइएमा,

(ङ) निजले कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति लिएमा वा सोको लागि आवेदन दिएमा,

(च) निजको मृत्यु भएमा।"

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
सिंहदरबार, काठमाडौं

